नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

सिंहदरबार, काठमाण्डौ

मिति: २०७८।२।२६

प.सं.: ०७८/७९

च.नं.: १३०

विषय: सामाजिक सुरक्षा भत्ता बितरण सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै

प्रस्तुत विषयमा नेपाल सरकारबाट सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (३) बमोजिम स्थानीय तहहरुमा अनिवार्यरुपमा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने व्यवस्था लागू गर्न गराउन (सम्बन्धित स्थानीय तहहरुको नाम र यो व्यवस्था लागू हुने मिति तोकी) गृह मन्त्रालयको यससम्बन्धी सूचना नेपाल राजपत्र भाग ५ मा मिति २०७७।०७।२४ मा प्रकाशन भएको व्यहोरा विदितै छ । सोही व्यहोरा उल्लेख गरी यस मन्त्रालयबाट समेत पटक पटक बैंकिङ्ग प्रणालीबाट मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्न गराउन लेखी पठाइएकै छ ।

यसरी सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट बितरण गर्ने सम्बन्धी प्रष्ट व्यवस्था भए तापनि केही स्थानीय तहबाट नगद रकम निकाली लाभग्राहीहरुलाई नगद नै बितरण गर्ने गरेको तथा नगद रकम बितरण गर्दा कतिपय ठाउँमा नगद चोरी भएको, लुटिएको, हराएको जस्ता समाचार समेत सार्वजनिक संचारमाध्यमबाट जानकारी हुने गरेको र नगद रकम लिई बितरण गर्ने कर्मचारीबाट समेत विभिन्न प्रकारको आर्थिक अनियमितता र दुरुपयोग हुने गरेको व्यहोरा विगतमा लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भई आउने गरेको देखिन्छ । राज्यले सामाजिक सुरक्षा भत्ता बितरणका लागि व्यवस्था गरेको रकम तोकिएको प्रक्रिया पूरा गरी बितरण हुन नसक्दा यस किसिमका घट्नाहरु घट्न गई रकमको हिनामिना समेत हुने गरेको सन्दर्भमा अनिवार्यरुपमा सम्बन्धित लाभग्राहीको बैंक खातामार्फत मात्रै (बैंकिङ्ग प्रणाली मार्फत) सामाजिक सुरक्षा भत्ता रकम बितरण गर्ने व्यवस्था लागू गर्न गराउन हुन निर्णयानुसार पुन: स्मरणार्थ अनुरोध छ ।

(बाबु राम भुसाल)<br>उप सचिव

वोधार्थ एवं कार्यार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं: सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट मात्रै बितरण गर्ने गराउने व्यवस्थाको परिपालनाका लागि आवश्यक सहजिकरण हुन ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर: ,, ,, ,, ।

श्री जिल्ला प्रशासन कार्यालयहरु सबै: ,, ,, ,, ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सबै: ,, ,, ,, ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: प्रस्तुत पत्र सबै स्थानीय तहहरु र जि. स. स. लाई वेव साइटमार्फत अपलोड गरिदिन हुन ।